निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. Ref:

मिति :२०७७/४/१५

**विषय :- त्रैमासिक (२०७७ वैशाख १ गतेदेखि असार मसान्तसम्म) प्रगति विवरण सम्बन्धमा ।**

२०७७ वैशाख १ गतेदेखि असार मसान्तसम्म निर्वाचन आयोगबाट सम्पादित देहायका कामहरुको विवरण सबैको जानकारीको लागि सार्वजनिक गरिएको छ ।

१. आयोगका पदाधिकारी, कर्मचारीहरु र विकास साझेदार संस्थाका प्रतिनिधिहरु बीच Zoom प्रविधि प्रयोग गरी सामाजिक अध्ययन मोबाइल एप र यसमा राखिने विषय वस्तु सम्बन्धमा छलफल गरी परिमार्जन गरिएको ।

२. आयोगका पदाधिकारी र कर्मचारीहरु बीच Zoom प्रविधिको प्रयोग गरी निर्वाचन प्रश्नोत्तर (FAQ) को मस्यौदा उपर छलफल गरिएको ।

३. आयोग र विकास साझेदार संस्थाका प्रतिनिधिहरु वीच Zoom प्रविधि प्रयोग गरी सामाजिक सञ्जाल नीति र रणनीतिको मस्यौदा तयार गरिएको ।

४. विभिन्न प्रतियोगितात्मक परीक्षा सञ्चालन गर्ने निकाय एवं तालीम प्रदायक संस्थाको पाठ्यक्रममा निर्वाचन शिक्षासँग सम्बन्धित विषय समावेश गराउने सम्बन्धमा छलफल गरिएको ।

५. विभिन्न जिल्लाका ३४५ जना सामाजिक शिक्षा अध्ययन विषयक शिक्षकहरुका लागि Zoom प्रविधि प्रयोग गरी निर्वाचन शिक्षा प्रशिक्षण सञ्चालन गरिएको ।

६. नागरिक तथा निर्वाचन शिक्षा रणनीतिको मस्यौदा तयारी कार्य जारी रहेको।

७. प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य तथा स्थानीय तह सदस्यको उपनिर्वाचन २०७६ को निर्वाचन समीक्षा प्रतिवेदन तयार गरिएको ।

८. राष्ट्रिय सभा सदस्य निर्वाचन २०७६ को निर्वाचन समीक्षा प्रतिवेदन तयार गरिएको ।

९. तीनै तहका निर्वाचनका लागि निर्वाचन सञ्चालन दिग्दर्शन तयारी भैरहेको ।

१०. विद्युतीय माध्यम (Zoom) मार्फत आयोगको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमाको लागि छलफल गरी उक्त नीतिको कार्यान्वयनको लागि सोको कार्ययोजना तयार गरिएको ।

११. राष्ट्रिय जनता पार्टी नेपाल र समाजवादी पार्टी विच एकीकरण भई "**जनता समाजवादी पार्टी, नेपाल**" नामक नयाँ राजनीतिक दल गठन गर्ने सम्बन्धमा उक्त दुई पार्टी विच दुई पक्षीय सम्झौता भएको हुँदा राजनीतिक दलको रुपमा मान्यता प्राप्त गर्न मिति २०७६/२/२५ गते यस आयोगमा दल दर्ताको निवेदन दर्ता भएको ।

१२. निर्वाचन आयोगका पदाधिकारीहरुको आचारसंहिता, २०७७ स्वीकृत भएको।

१३. निर्वाचन आयोग सम्बन्धी विधेयक र निर्वाचन संचालन र व्यवस्थापन सम्बन्धी विधेयकको अवधारणापत्रमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सहमतिका लागि गृह मन्त्रालय मार्फत लेखी पठाइएको।

१४. प्रदेश नं. ५ का समानुपातिक निर्वाचन प्रणाली बमोजिम खस आर्य समावेशी समूहबाट प्रदेश सभा सदस्य शंकर गिरी निर्वाचित भएको घोषणा सूचना नेपाल राजपत्रमा प्रकाशित गरिएको।



कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं. Ref:

१५. राष्ट्रिय जनता पार्टी नेपाल र समाजवादी पार्टी बीच एकीकरण भई "जनता समाजवादी पार्टी, नेपाल" नामक राजनीतिक दल दर्ता गरिएको।

१६. नेपाली कांग्रेसबाट प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन प्रणाली बमोजिम आदिवासी जनजाति समावेशी समूहबाट निर्वाचित ज्ञान कुमारी छन्त्यालको मृत्यु भई रिक्त पदमा उपलब्ध भएसम्म सोही समावेशी समूहबाट उम्मेदवारको नाम मनोनयन गरी आयोगमा पठाउन सम्बन्धित दललाई लेखी पठाईएको र दलबाट प्राप्त सिफारिस अनुसार सुवर्ण ज्वारचनलाई निर्वाचित घोषणा गरिएको।

१७. आयोगको निर्णयानुसार प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित सरिता गिरीको पद रिक्त भएकोले सो रिक्त पदमा अर्को व्यक्तिको नाम पेश गर्न जनता समाजवादी पार्टी, नेपाल लाई पत्राचार गरिएको।

१८. माओवादी जनमुक्ति पार्टी नेपाल नामक राजनीतिक दलमा रहेको विवाद सम्बन्धमा प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरुको उपस्थिति समेतमा छलफल भएको।

१९. रिट निवेदक प्रेम सिंह धामी र विपक्षी यस आयोग समेत भएको उत्प्रेषणयुक्त परमादेश रिट नं. ०७६-WO-१०३३ को रिट निवेदनमा महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा लिखित जवाफ दर्ता गरिएको।

२०. सामाजिक अध्ययन मोबाइल एपमा राखिने विषय वस्तु आयोगबाट निर्णय भए बमोजिम मोवाइल एपमा राख्नका लागि UNDP/ESP लाई पठाइएको।

२१. निर्वाचन प्रश्नोत्तर (बारम्बार सोधिने प्रश्न—FAQ) को उत्तर तयारी सम्बन्धी कार्य जारी रहेको।

२२. आगामी निर्वाचन तथा अन्य समयमा सञ्चालन गरिने तालिम प्रयोजनार्थ प्रशिक्षक तथा सहभागीको रोष्टर तयारीका लागि मिति २०७६ मंसिरमा सम्पन्न भएको प्रतिनिधि सभा, प्रदेश सभा तथा स्थानीय तहका सदस्यको उपनिर्वाचन सम्बन्धमा सम्बन्धित जिल्लाहरुबाट सञ्चालित तालिम कार्यक्रममा सहभागी भएका जनशक्तिहरुको विवरण संकलन भईरहेको।

२३. सूचना अधिकारी मार्फत दिईने सूचनाहरु निरन्तररुपमा प्रदान गरिएको एवम् पुस्तकालयबाट नियमितरुपले सेवा प्रवाह भईरहेको।

२४. निर्वाचन आयोग र अन्तर्गतका कार्यालयहरुवाट इमेल आदान प्रदान गर्न आयोगको आधिकारिक ईमेल संचालनमा ल्याइएको |

२५. आयोगको आधिकारिक वेबसाइट (www.election.gov.np), इमेल प्रणाली (mail.election. gov.np) र आयोग द्वारा संचालित अन्य पब्लिकउप-डोमेनहरु (result.election.gov.np, ieims.election.gov.np) को प्रयोग गर्दा सर्भर र प्रयोगकर्ताहरु बीच सुरक्षित तवरले सूचना आदान प्रदान गर्नको लागि सर्भरहरुमा Secure Socket Layer (SSL) सर्टिफिकेटको Setup तथा Configuration गरिएको |

२६. IEIMS र Result Server मा देखिएको समस्या समाधान गरिएको साथै उक्त सर्भरमा रहेको Operating System लाई Version Upgrade गरिएको |

२७. डाटा सेन्टरमा रहेका नेटवर्किंग केवल र सर्भरलाई व्यवस्थित गर्ने सम्बन्धी कार्य गरिएको एवम् IEIMS, Election Result र CVLA को डाटा ब्याकअप गर्ने कार्य गरिएको |


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३। फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

२८. आयोगवाट प्रकाशित प्रतिवेदन, स्मारिका, स्रोत पुस्तिका, कानुन, प्रेस विज्ञप्ति, सूचना लगायतका विवरणहरु वेबसाइट तथा सामाजिक संजालमा राखिएको ।

२९. जिल्ला निर्वाचन कार्यालयहरुमा DCA, DVLA, IEIMS हरुमा देखिएका समस्याहरु समाधान गर्न प्रविधिक सहयोग प्रदान गरिएको ।

३०. आयोगको लैङ्गिक समानता तथा समावेशी नीति, २०७७ को मसौदा तयार गरिएको ।

३१. लोक सेवा आयोगबाट सञ्चालन गरिने विभिन्न पद, श्रेणी, सेवा, समूह/उपसमूह का परीक्षाहरुका पाठ्यक्रममा निर्वाचन सम्बन्धी विषय समावेश गर्न आयोगबाट निर्णय भई सम्बन्धीत निकायमा पत्राचार गरिएको ।

३२. नेपालको निर्वाचन इतिहास पुस्तकमा रहेका व्याकरणगत तथा छपाईगत त्रुटिहरु पहिचान गरी शुद्धाशुद्धि सहित नेपालको निर्वाचन इतिहास १ दोस्रो संस्करण तथा वि.सं. २०७३ साल पश्चात सम्पन्न सबै निर्वाचनका गतिविधिहरु लगायत समावेश गरी नेपालको निर्वाचन इतिहास २ को मसौदा तयार, सम्पादन र प्रकाशन गर्न एक समिति गठन गरी प्रारम्भिक कार्य अगाडि बढाईएको ।

३३. UNDP/ESP को सहकार्यमा सम्पन्न हुने कार्यक्रमहरु बारे महाशाखा एवम् शाखागत छलफल गरी शाखागत जिम्मेवारी सहित कार्य अगाडि बढाईएको ।

३४. आफ्नो कार्यालय भवन नभएको जिल्ला निर्वाचन कार्यालय, खोटाङ्गको लागि सरकारी भवन प्राप्ती सम्बन्धमा समन्वय गर्न पत्राचार गरिएको ।

३५. ७७ वटै जिल्ला निर्वाचन कार्यालयहरूबाट महिला २७९ र पुरुष ५९४ जना गरी जम्मा ८७३ जनाको मतदाता नामावलीमा नाम दर्ता भएको ।

३६. प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य र स्थानीय तह सदस्य उपनिर्वाचन, २०७६ एवम् राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७६ को समीक्षा प्रतिवेदन तयार गरी अभिलेखीकरण गरिएको।

३७. निर्वाचन दिग्दर्शनको प्रारम्भिक मसौदा तयार गरिएको ।

३८. दैनिक आर्थिक कारोबार तथा मासिक प्रतिवेदनहरू तयार गरी सम्बन्धित कार्यालयमा पेश गरिएको ।

३९. जिल्ला निर्वाचन कार्यालयतर्फ ब.उ.शी.नं. २१२९१०११ र २१२०००१२ मा रकमान्तर गरी निकासा पठाइएको।

४०. वित्तीय सुधार तथा बेरुजु फछ्र्यौट कार्यान्वयन र अनुगमन कार्यक्रममा भएको व्यवस्था अनुसारको बेरुजु फछ्र्यौट कार्यलाइ निरन्तरता दिई अन्तर्गतका निकायहरुमा बेरुजु फछ्र्यौट गर्ने गराउने सम्बन्धमा निरन्तर निर्देशन दिने कार्य जारी राखिएको ।

४१. म.ले.प.बेरुजु तर्फ आ.व.०७५-७६ सम्मको बाँकी बेरुजु रु.४४८७०९ हजार मध्ये २०७६ फागुन मसान्तसम्ममा सम्परीक्षणको लागि रू. २१५५१४ हजार अनुरोध भई गएको र रू. १८०००० हजार फछ्र्यौट हुन गई ४०.१२ प्रतिशत प्रगति भएको छ ।

४२. विभिन्न जिल्ला निर्वाचन कार्यालयहरुमा फोटोसहितको मतदाता नामावली संकलन फाराम पठाइएको ।

२०७७/०४/१५

सूर्य प्रसाद अर्याल
सूचना अधिकारी